जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक ६३ • २०८३ साल साउन ६ गते बुधबार (22 July, Wednesday, 2026) •पृष्ठ ४ •मूल्य रु. ५।-

## नक्कली पाइप ईटाभट्टामा, बरामद गर्न प्रहरी उदासीन

**टुडे समाचारदाता**

जनकपुरधाम। मार्बल कम्पनीको नाम र छाप प्रयोग गरी नक्कली पाइप( बोरबेल) बनाउने जानकी प्लाष्टिक उद्योग सञ्चालकको बचाउमा प्रहरी लागेको छ।



जिल्ला प्रहरी कार्यालय सिरहाले हिरासतमा लिएको जानकी पाइप उद्योगका सञ्चालक नवल मुरारका भन्ने नवकृष्ण मुरारकालाई अस्पतालमा अरामदायी व्यवस्था गरिएको छ।

जिल्ला अदालत सिरहाले मुरारकालाई अनुसन्धानको क्रममा सात दिनको म्याद दिएको छ। तर उनलाई प्रहरीले नियन्त्रणमा लिएको भोली पल्ट नै प्रादेशिक अस्पताल सिरहामा विशेष सुविधा उपलब्ध गराएको छ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्तासमेत रहेका डीएसपी रमेश बहादुर पालले जनाए अनुसार मुरारका अझै पनि अस्पतालमा नै रहेका छन् ।

मुरारकालाई अस्पतालमा राख्न आर्थिक चलखेल भएको आरोप लाग्दै आएको छ । अस्पतालका चिकित्सकहरुले उनलाइ भर्ना नै गर्नुपर्ने कुनै कारण नभएको बताएका छन् । तर उनका एकजना आफ्न्त मुरारका थरका चिकित्सकले विशेष सुविधाको व्यवस्था मिलाएको बताइएको छ।

'ट्रेडमार्क' चोरी गरी मुरारकाले तीन वर्ष बढी समयदेखि मार्वल कम्पनीको बोरबेल बजारमा बिक्री गर्दै आएका थिए। जानकी पाइप उद्योगले कवाडको प्लाष्टिकबाट पाइप बनाउदै आएको छ । तर ख्याती कमाएका कम्पनीहरुको नाम र लोगो प्रयोगगरि महँगो मूल्यमा बिक्रीगदै आएको मुरारकामाथि आरोप छ।

जानकी पाइप उद्योगबाट उत्पादन हुने मार्वल कम्पनीको भारी परिमाणमा बोरबेल प्रहरीले बरामद गरेको थियो। सिरहा जिल्लाको गोलबजारस्थित नेहाल हार्डवेयरबाट भारी परिमाणमा बोरबेल बरामद भएपछि त्यसका सञ्चाकलाई प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान गरेको थियो।

त्यसपछि सिरहा प्रहरीले अनुसन्धानकै क्रममा मुरारकालाई नियन्त्रणमा लिएको थियो। मुरारका प्रहरी हिरासतमा रहेको कागजमा देखिएपनि उनी अस्पतालमा उपचारको क्रममा रहेका छन् ।

गोलबजारस्थित नेहाल हार्डवेयरबाट नक्कली मार्वलको बोरबेल बरामद भएपछि प्रहरीले जानकी पाइप उद्योगमा समेत छापा मारेको थियो ।तर वडा प्रहरी कार्यालय मुजेलियाको संरक्षणमा त्यहाँबाट अधिकांश पाइप अन्यत्र लुकाइएको थियो ।

मार्बल बाहेक अन्य कम्पनीका बोरबेल पाइप पनि जानकी पाइप उद्योगले उत्पादन गरेको खुलेको छ। उद्योगका सञ्चालक मुरारकाको स्वामित्वमा रहेको ज्ञानदा स्कुलसँगै रहेको गुड्डु गोयन्काको रियल ईटा उद्योगको परिसरमा लुकाइएको छ। भारी परिमाणमा बोरबेल पाइप लुकाइएको ईटा भट्टा मुजेलिया प्रहरी कार्यालयबाट एक किलोमिटर र लक्ष्मीनिया प्रहरी चौकीबाट बढीमा दुई किलोमिटर दुरीमा रहेको छ।

प्रहरी अधिकारीलाई नक्कली बोरबेल लुकाइएको सुचना प्राप्त भएको तीन बितिसक्दा पनि प्रहरीले फेला पार्न नसकेको बताइएको छ।

प्रहरीले नै नक्कली बोरबेल पाइप उत्पादन गर्ने सञ्चालक र उद्योगलाई संरक्षण गरेको आरोप पीडित कम्पनी मार्वलका अधिकारीहरुले लगाएका छन् ।

प्रहरीले सूचना प्राप्त गरे पनि नक्कली बोरबेल बरामद नहुनुलाई अधिकारीहरुले उनीहरुको भूमिकाप्रति सवाल उठाएका छन् । उनीहरुका अनुसार पाइप उद्योगबाट नक्कली बोरबेल राती अन्यत्र लुकाइदा मुजेलियाका सइ जानकार रहेका थिए ।

### जानकी मन्दिर प्रवेशमा विरोध

## पुरानो अभिव्यक्तिलाई लिएर प्रदर्शन, साम्पाङले गरे विरोध गर्नेहरूको सम्मान

**टुडे समाचारदाता**

जनकपुरधाम । श्रम संस्कृति पार्टीका अध्यक्ष तथा प्रतिनिधिसभा सदस्य हर्क साम्पाङको पूर्वनिर्धारित जानकी मन्दिर दर्शन कार्यक्रम हिन्दूवादी समूहको कडा विरोधपछि स्थगित भएको छ। गाईसम्बन्धी उनले विगतमा दिएको भनिएको विवादास्पद अभिव्यक्तिलाई आधार बनाउँदै हिन्दू सम्राट सेना नेपालका कार्यकर्ताले मन्दिर प्रवेशको विरोध गरेपछि जनकपुरधाम दिनभर तनावग्रस्त बनेको छ।



मधेश प्रदेशमा आयोजित श्रम संस्कृति पार्टीको साधारण सभा तथा पार्टी प्रवेश कार्यक्रममा सहभागी हुन जनकपुरधाम पुगेका साम्पाङले जानकी मन्दिरमा पूजाआजा गर्ने कार्यक्रम तय गरेका थिए। उनले सामाजिक सञ्जाल फेसबुकमार्फत मन्दिर दर्शन गर्ने जानकारी सार्वजनिक गरेसँगै हिन्दू सम्राट सेना नेपालका कार्यकर्ताले विरोध प्रदर्शन सुरु गरेका थिए।

हिन्दूवादी प्रदर्शनकारीहरूले साम्पाङलाई कुनै पनि अवस्थामा जानकी मन्दिर प्रवेश गर्न नदिने चेतावनी दिएका थिए । उनीहरूको आरोप अनुसार साम्पाङले विगतमा हिन्दू धर्म, गाई तथा सनातन संस्कृतिप्रति आपत्तिजनक अभिव्यक्ति दिएका थिए।

हिन्दू सम्राट सेना नेपालकी नेतृ मञ्जु थापाले साम्पाङले बारम्बार हिन्दू धार्मिक आस्थामाथि चोट पुग्ने गतिविधि गरेको आरोप लगाइन् ।

यस्तै अर्की नेतृ लक्ष्मी साहले साम्पाङले गाईसम्बन्धी विवादास्पद अभिव्यक्ति दिएको र क्रिश्चियन धर्मलाई प्रश्रय दिएको आरोप लगाउँदै त्यही कारण उनलाई जानकी मन्दिर प्रवेश गर्न नदिने निर्णय गरिएको दाबी गरिन् ।

विरोध प्रदर्शन चर्किएपछि सम्भावित अप्रिय घटना रोक्न जानकी मन्दिर परिसरमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई संयुक्त रूपमा परिचालन गरिएको थियो। दिनभर सुरक्षा सतर्कता बढाइएपछि मन्दिर क्षेत्र तनावपूर्ण बनेको थियो ।

जानकी मन्दिरमा भइरहेको विरोधबारे जानकारी पाएपछि अध्यक्ष हर्क साम्पाङले सामाजिक सञ्जालमार्फत आफूले गृहमन्त्रीसंग सम्पर्क गर्ने प्रयास गरेको तर फोन स्वीच अफ रहेको उल्लेख गरे । उनले तत्काल दर्शन गर्न नसके पनि अर्को अवसरमा अवश्य जानकी माताको दर्शन गर्ने विश्वास व्यक्त गरे ।

मन्दिर परिसरमा प्रदर्शनकारी र सुरक्षाकर्मीबीच धकेलाधकेलको अवस्था सिर्जना भएपछि साम्पाङले जानकी मन्दिरमा दर्शन नगरी आफ्नो पार्टीको कार्यक्रममा सहभागी भएका थिए ।

कार्यक्रमका क्रममा उनले मन्दिर प्रवेशको विषयमा आफ्नो विरोध गर्नेहरूको भावनाको सम्मान गर्ने प्रतिक्रिया दिए ।

यस घटनापछि जनकपुरधाममा सुरक्षा सतर्कता थप बढाइएको छ। साम्पाङको मन्दिर प्रवेश विवादले धार्मिक आस्था, अभिव्यक्ति स्वतन्त्रता तथा राजनीतिक गतिविधिबीचको सम्बन्धलाई लिएर बहस शुरु भएको छ।

### अध्यक्ष भण्डारीको दम्भ

## एउटै संरचनाको पुन: उद्घाटन र योगदान तथा कृति मेटाउने प्रयास

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीमाथि बोर्डको बहुमतको दम्भमा संस्थाको इतिहास मेटाउने, सहयोगी दाताको योगदान र विगतका नेतृत्वले बनाएको संस्थागत कृतिलाई समाप्त पार्ने प्रयास गरेको आरोप लागेको छ।




संघको ५८ औं साधारण सभाका क्रममा गरिएको नयाँ तथा पुरानो भवनको पुनः उद्घाटन र 'राजर्षि जनक सभाकक्ष' को नाम परिवर्तनको विषयलाई लिएर संघका पूर्वअध्यक्ष, निवर्तमान अध्यक्ष तथा वरिष्ठ पदाधिकारीहरू आपति जनाउँदै असन्तुष्टि व्यक्त गरेका छन् ।

साधारण सभाका अवसरमा निवर्तमान अध्यक्ष जितेन्द्र महासेठको कार्यकालमा मधेश प्रदेश सरकार र जनकपुरधाम उपमहानगरपालिकाको सहयोगमा निर्माण भएको नयाँ कार्यालय भवन अध्यक्ष भण्डारीको नेतृत्वमा कार्यसमिति पदाधिकारीहरु र नाम परिवर्तन गरिएको सभाकक्षको एमाले नेता तथा पूर्वमन्त्री रघुवीर महासेठले गरेका थिए ।

पूर्वअध्यक्ष रमेश साहले बहुमतीय दम्भमा संघका कार्यसमितिले संस्थाको कृति तथा इतिहास मेटाउने गरेको प्रयासप्रति गम्भीर आपति जनाएका छ्न । उनले कुनै पनि कार्यसमितिले गरेको कार्यको कदर गर्नुपर्छ न कि आफ्ना नेतालाई खुश पार्न संस्थाको गरिमा धरापमा पार्नु गलत परम्पराको सुरुवात हो । राजनीतिक आवरण कायम राख्न आज भण्डारी नेतृत्वको कार्यसमिति यस्ता कार्य गरेका छन् । आगामी आउने कार्यसमितिले आफ्ना नेतालाई खुश पार्न यिनहरुले गरेका कार्यलाई समाप्त पार्नेछ। यो गलत परम्पराको थालनी हो।

२०५६ सालमा आफ्नै कार्यकालमा संघका पदाधिकारी, स्थानीय उद्योगी व्यवसायी तथा नागरिक समाजका अगुवाहरुको कयौं दिनको गहन छलफल पश्चात निर्मित भवनको मिथिलाको ऐतिहासिक पहिचानलाई सम्मान गर्दै 'राजर्षि जनक सभाकक्ष' नामकरण गरिएको थियो र त्यसबेला नेपाल उद्योग वाणिज्य महासंघका तत्कालीन अध्यक्ष प्रदीप श्रेष्ठबाट उद्घाटन गरिएको उनले बताए।

साहले भने, "राजर्षि जनक सभाकक्ष केवल एउटा नाम मात्र थिएन, जनकपुरधामको ऐतिहासिक र सांस्कृतिक पहिचानसँग जोडिएको संस्थागत सम्पदा थियो । भावी पुस्तालाई जनकपुरधामको ऐतिहासिक स्मरण उद्देश्यले यो नाम राखिएको थियो। आज त्यसलाई मेटाएर नयाँ नाम थोपर्नु इतिहास नै मेटाउने प्रयास हो।"

पूर्वअध्यक्ष निर्मल चौधरीले पनि पुनः उद्घाटन र नाम परिवर्तनको आपति जनाएका छन् । उनले भने उद्घाटन नयाँ संरचनाको हुन्छ न कि सौन्दर्यकरणको हुन्छ । उनका अनुसार, यस्तो कार्यले संघमा योगदान पुऱ्याएका पूर्वअध्यक्ष तथा पदाधिकारीहरूको योगदानलाई मेटाउने प्रयास मात्र होइन संस्थाको गरिमामा समेत ठूलो प्रश्न खडा गरेको छ।

> "उद्घाटन भइसकेको भवनलाई फेरि उद्घाटन गर्नु उचित होइन । "राजर्षि जनक सभाकक्ष" को नाम हटाएर नयाँ नाम राख्नु इतिहास मेटाउने कार्य हो । मलाई भने रिमोडलिङ गरिएको गेस्ट हाउसको नामकरण मात्रै हुने जानकारी दिइएको थियो ।"

निवर्तमान अध्यक्ष जितेन्द्र महासेठले पनि एउटै भवनको पटक-पटक उद्घाटन गर्नु न्यायोचित नभएको बताए। उनले भने, "उद्घाटन भइसकेको भवनलाई फेरि उद्घाटन गर्नु उचित होइन। 'राजर्षि जनक सभाकक्ष' को नाम हटाएर नयाँ नाम राख्नु इतिहास मेटाउने कार्य हो। मलाई भने रिमोडलिङ गरिएको गेस्ट हाउसको नामकरण मात्रै हुने जानकारी दिइएको थियो।"

महासेठकै कार्यकालमा मधेश प्रदेश सरकार र जनकपुरधाम उपमहानगरपालिकाको सहयोगमा उक्त भवन निर्माण भएको थियो। तत्कालीन भौतिक पूर्वाधार विकासमन्त्री रामसरोज यादवले भुइँतलाका लागि ४० लाख, तत्कालीन अर्थमन्त्री शैलेन्द्र साहले पहिलो तलाका लागि २५ लाख र जनकपुरधाम उपमहानगरपालिकाले दोस्रो तलाका लागि २५ लाख रुपैयाँ उपलब्ध गराएको थियो । ती संरचनाहरूको उद्घाटन सहयोगदाताबाट त्यसबेलै सम्पन्न गराइएको थियो ।

पूर्वअध्यक्ष श्यामप्रसाद साह र ललित साहले पनि वर्तमान नेतृत्वले विगतको योगदानको सम्मान गर्नुको सट्टा संस्थागत इतिहास नै मेटाउने काम गरेको आरोप लगाए। उनीहरूले विगतका कार्यसमितिले धेरै संरचना निर्माण गरे पनि सामान्य मर्मत वा सौन्दर्यकरणलाई उद्घाटनको विषय बनाउने र पुरानो नाम हटाउने जस्ता गलत कार्य कहिल्यै गरेनन् ।


संघका वरिष्ठ उपाध्यक्ष मनोज साहले बोर्ड बैठकमै आफूले र उपाध्यक्षले नाम परिवर्तन तथा पुनः उद्घाटनको प्रस्तावको बोर्डको बैठकमै आपति जनाएको थिए र तर बहुमतको केही गर्न नसकेको बताए।

यता संघका महासचिव फुलदेव पण्डितले नयाँ भवनको नभइ सौन्दर्यकरणको उद्घाटन गरिएको जिकिर गरे । उनले सभा कक्षको नाम परिवर्तन नगरी गेस्टहाउसको नामाकरण गरिएको दाबी गरे।

सहयोगी दाता तथा पूर्व केन्द्रीय अध्यक्षले उद्घाटन गरिसकेको भवनलाई पुनः उद्घाटन गर्नु र अध्यक्षीय स्वार्थमा जनकपुरसँग संघको जोडिएको ऐतिहासिक कृति समाप्त पार्नु कतिको उचित हो भन्ने प्रश्नमा उनले बोल्न चाहेनन्। यसलाई दाताको योगदान ओझेलमा पार्दै व्यक्तिगत प्रचार गर्ने प्रयासका रूपमा टिप्पणी भइरहेको छ। सबभन्दा हस्यास्पद कुरा त के पर्खाल निर्माण र फलामे झुलाको समेत एमाले नेता महासेठ र जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज साहद्वारा संयुक्त रुपमा गराइएको छ।

आफूले गरेको गलतीलाई ढाकछोप गर्न भगवानको प्रसाद झै अध्यक्ष भण्डारीले मायाको चिनो भनेर सयौंको संख्यामा आफ्ना सहयोगी तथा समर्थकको नाममा सम्मान वितरण गरे।





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**


## सम्पादकीय

# जानकी मन्दिर भित्र प्रवेश रोक्न हुँदैन

हिन्दूहरुको आस्थाको केन्द्र जानकी मन्दिरमा कसैलाई पवित्र दर्शन गर्न रोक्न हुँदैन । सनातन धर्ममा भगवान प्रति आस्थावानसित कुनै विभेद गरिदैन । सबै जातजाती, धर्मावलम्बीहरुले भगवानप्रति श्रद्धाका साथ दर्शन गर्न पाउँछन् । नेपालमा भगवान पशुपतिनाथ मन्दिरमा हिन्दूहरुको प्रवेश मात्र लेखिएको छ । त्यसलाई अन्य धर्मावलम्बीहरुले पनि स्वीकारेका छन् । तर जानकी मन्दिरमा त्यस्तो निषेध कहिलै कसैलाई गरिएको छैन । जानकी मन्दिरमा मुसलमानहरु पनि निर्वाध रुपमा प्रवेश गर्दै आएका छन् । मधेश प्रदेशका प्रथम मुख्यमन्त्री मोहम्मद लालबाबु राउत गद्दीले कयौं दिन, कयौं उत्सवहरुमा जानकी मन्दिरमा पूजा गरेका थिए । उनलाई पुजामा सहभागी गराउन मन्दिरका सन्त महन्तहरुले समेत अवरोध गरेनन् । अन्य हिन्दूवादी संघसंस्थाहरुले पनि आपत्ति जनाएनन् । जानकी मन्दिर भित्र प्रवेश गर्नेहरुलाई कहिलै जात र धर्मको विषयमा प्रश्न गरिदैन । जात र धर्मको कुनै पहिचान नै खोजिदैन । सनातन धर्मले कसैसित विभेद गर्दैन । स्वेच्छाले कुनै जाती अथवा धर्मका व्यक्तिले देवीदेउताको पवित्र पूजा अराधना गर्न पाउँछन् । कसैले भगवान सीताराम भने त्यो हिन्दू नै मानिन्छ । हिन्दूहरु उदार हुन्छन् । सनातन धर्म सबै धर्म भन्दा उदार र व्यापक छ । अन्य धर्म परित्याग गरी कसैले हिन्दू धर्ममा आस्था राखे उनी सोझै हिन्दू हुने गर्छन् । सनातन धर्म नै सबै धर्मको मूल आधार रहेको पनि मानिन्छ । धर्मको विषयमा सबैको तर्क एकैनासको नहुन सक्छ । तर जानकी मन्दिरमा कुनै धर्मावलम्बीलाई प्रवेश गर्न नदिने त्यो कहिलै चलन रहेको कसैले बताउँदैनन् । जानकी मन्दिरमा गएर भगवान सामु शीर निहराउँनु नै हिन्दू धर्मप्रतिको आस्था हो । जानकी मन्दिरमा दर्शनका लागि सबै धर्मावलम्बीहरु आउनु सनातनी धर्मावलम्बीहरुका लागि सुखद हुनुपर्छ । जानकी मन्दिर संसारभरिका मानिसहरुको आस्थाको केन्द्र बनाउन सनातनी धर्मावलम्बीहरुलाई बढी सक्रिय हुनुपर्छ । जानकी मन्दिरकै कारण जनकपुरधाम संसारभरि प्रख्यात भएको छ । तर श्रम संस्कृति पार्टीका अध्यक्ष समेत रहेका सांसद हर्क साम्पांगलाई प्रवेशमा रोक लगाउनु उपयुक्त होइन । उनी गाईको मासु खान्छन् ? त्यो उनको व्यक्तिगत विषय हो । गाई काट्नु पर्छ उनले भन्न हुने अथवा नहुने त्यो बहसको विषय हो । तर त्यसकै कारण मन्दिरमा प्रवेश गर्न नदिनु दुखद हो । हर्क साम्पांगले सार्वजनिक रुपमा गाई काट्ने कुरा गरेका थिए । तर नेपालका हरेक पाँचतारे होटेलमा गाईको मासु र अन्य परिकार बिक्री गरिन्छ । 'बिफ' खानेहरु विदेशी मात्र होइन, नेपालीहरु पनि हुन्छन् । नेपालमा गाईको हत्यालाई कानुनी मान्यता छैन । सनातन धर्ममा गाईको पूजा गरिन्छ । तर विदेशबाट मगाएर होटेलमा 'बिफ' बिक्री गरिन्छ । त्यसमा रोक छैन । हर्कलाई जानकी मन्दिरमा प्रवेश गर्न रोक लगाउनु ठिक कार्य होइन ।

### गहिरिँदो आन्तरिक संकटः

# दक्षिण एशियाली सुरक्षामा नयाँ चुनौती



अनिल तिवारी

दक्षिण एशियाको सामरिक तथा भूराजनीतिक सन्तुलनमा पाकिस्तानको स्थान अत्यन्त संवेदनशील मानिन्छ। परमाणु शक्ति सम्पन्न राष्ट्र, चीनसँगको रणनीतिक साझेदारी, अफगानिस्तानसँग खुला सीमा, भारतसँग दशकौँदेखिको प्रतिस्पर्धा तथा इस्लामिक विश्वसँगको सम्बन्धका कारण पाकिस्तानको आन्तरिक अवस्था केवल घरेलु राजनीतिक विषय मात्र होइन, सम्पूर्ण क्षेत्रीय सुरक्षासँग गाँसिएको प्रश्न बनेको छ ।

यद्यपि पाकिस्तानको सबैभन्दा ठूलो चुनौती बाह्यभन्दा बढी आन्तरिक छ। सात दशकभन्दा बढीको राजनीतिक इतिहासमा लोकतन्त्र, सैनिक शासन, न्यायपालिका, सुरक्षा निकाय र राजनीतिक दलबीचको शक्ति संघर्षले राज्यका संस्थाहरूलाई कमजोर बनाएको छ । परिणामस्वरूप पाकिस्तानले पूर्ण लोकतान्त्रिक संस्थागत विकासको अवसर बारम्बार गुमाएको छ ।

पाकिस्तान एकैसाथ राजनीतिक ध्रुवीकरण, आर्थिक सङ्कट, सुरक्षा चुनौती, जातीय विद्रोह र संस्थागत अविश्वासको चपेटामा छ । यी सबै पक्षलाई छुट्टाछुट्टै घटनाका रूपमा होइन, एउटै संरचनात्मक समस्याका विभिन्न आयामका रूपमा बुझ्न आवश्यक छ ।

१९४७ मा स्वतन्त्र भएपछि पाकिस्तान प्रारम्भदेखि नै कमजोर राजनीतिक संस्थाहरूको सामना गर्यो। पाकिस्तानमा सुरक्षा चुनौती, कश्मीर विवाद, कमजोर राजनीतिक नेतृत्व र प्रशासनिक अस्थिरताका कारण सेना क्रमशः सबैभन्दा शक्तिशाली संस्था बन्दै गयो ।

सन् १९५८ मा पहिलो सैनिक 'कू' भएपछि पाकिस्तानमा सेना केवल सुरक्षा निकाय रहेन, बरु नीति निर्माण, विदेश नीति, राष्ट्रिय सुरक्षा, अर्थतन्त्र तथा राजनीतिक प्रक्रियाको निर्णायक केन्द्रका रूपमा स्थापित भयो। परिणामस्वरुप अयुब खान, याह्या खान, जिया-उल-हक र परवेज मुशर्रफजस्ता सैनिक शासकहरूले प्रत्यक्ष शासन गरे ।

यद्यपि सन् २००८ पछि प्रत्यक्ष सैनिक शासन समाप्त भयो । तर सेनाको प्रभाव भने समाप्त भएन। त्यसयता पाकिस्तानमा निर्वाचन नियमित भए पनि "हाइब्रिड लोकतन्त्र" अर्थात् निर्वाचित सरकार र गैरनिर्वाचित शक्ति केन्द्रहरूको संयुक्त शासनले निरन्तरता पायो ।

जसमा प्रधानमन्त्री र संसद संविधानअनुसार सर्वोच्च देखिए पनि राष्ट्रिय सुरक्षा, भारत नीति, अफगानिस्तान नीति, आणविक कार्यक्रम तथा रणनीतिक निर्णयहरूमा सेनाको प्रभाव निरन्तर देखिन्छ ।

पाकिस्तान मुस्लिम लिग (नवाज) र पाकिस्तान पिपुल्स पार्टीजस्ता प्रमुख दलहरू लामो समयदेखि परिवार केन्द्रित नेतृत्वमा आधारित छन्। दलभित्र विचार, नीति र लोकतान्त्रिक प्रतिस्पर्धाभन्दा व्यक्तिपूजा र गुटगत राजनीतीले स्थान पाएको आरोप लाग्दै आएको छ ।

सरकार परिवर्तनसँगै प्रशासनिक संरचना परिवर्तन हुने, प्रतिशोधको राजनीति चल्ने तथा दीर्घकालीन सुधारभन्दा तत्कालीन राजनीतिक फाइदालाई प्राथमिकता दिने प्रवृत्तिले संस्थागत विकासलाई कमजोर बनाएको छ ।

यस्तो अवस्थामा सेना स्वयंलाई "स्थिरता कायम गर्ने संस्था" का रूपमा प्रस्तुत गर्न सफल भएको देखिन्छ। यही कारण पाकिस्तानमा धेरै नागरिकले समेत राजनीतिक दलभन्दा सेनामाथि बढी विश्वास गरेको विभिन्न सर्वेक्षणहरूले देखाएका छन् । तर यसले लोकतान्त्रिक उत्तरदायित्वलाई कमजोर बनाउने जोखिम पनि उत्तिकै बढाएको छ ।

पाकिस्तानको पञ्जाब प्रान्तका २० वटा प्रादेशिक सभा (विधानसभा) सिटमा भएको उपनिर्वाचनको पूर्वसन्ध्यामा अधिकांश विश्लेषकहरूको अनुमान थियो ।सत्तारूढ पाकिस्तान मुस्लिम लिग-नवाजले राष्ट्रिय सभाको बाँकी कार्यकाल पूरा गर्दै अगस्ट २०२३ सम्म सरकार सञ्चालन गर्नेछ ।

तर १७ जुलाई २०२२ मा भएको उपनिर्वाचनले पाकिस्तानको राजनीतिक समीकरण नै उल्टाइदियो। इमरान खान नेतृत्वको पाकिस्तान तहरीक-ए-इन्साफले अप्रत्याशित र ठूलो पराजय दियो। त्यसपछि पाकिस्तानको राजनीतिक माहोल अचानक इमरान खानको पक्षमा देखिन थाल्यो। १२ दलको गठबन्धन सरकारको भविष्य अनिश्चित देखिन थाल्यो ।



तर उपनिर्वाचनको करिब दुई सातापछि, २ अगस्ट २०२२मा राजनीतिक परिस्थितिले फेरि नयाँ मोड लियो। पाकिस्तानको निर्वाचन आयोग (भ्क्ष्ए) ले लामो समयदेखि रोकिएको वित्तीय कारोबारसम्बन्धी बहुचर्चित विदेशी फन्डिङ' मुद्दा सम्बन्धी निर्णय सार्वजनिक गरेको थियो ।

निर्वाचन आयोगको उक्त निर्णयले केवल मात्र होइन, इमरान खान स्वयंलाई पनि कानुनी प्रश्नको घेरामा ल्यायो। यसले इमरान खानले निर्माण गरेको 'इमानदार र भ्रष्टाचारविरोधी नेता'को सार्वजनिक छविमा ठूलो धक्का पुर्‍यायो ।

उनका राजनीतिक प्रतिद्वन्द्वीहरूले यही अवसरलाई उपयोग गर्दै उनलाई कानुनी तथा राजनीतिक रूपमा घेराबन्दी गर्न थाले ।

यससँगै समयअघि निर्वाचन गराउने इमरानको अभियान कमजोर बन्न पुग्यो। सत्ता गठबन्धनले एत्क्ष र इमरान खानविरुद्ध कानुनी कारबाहीको रणनीति अघि बढायो । त्यसपछि गठबन्धन सरकारले आफ्नो कार्यकाल पूरा गर्ने सम्भावना बलियो देखिन थाल्यो ।

यदि समयअघि निर्वाचन हुने अवस्था सिर्जना भए पनि त्यसको कारण इमरान खानको दबाब नभई, सत्ता गठबन्धनले आफ्नो राजनीतिक फाइदा देख्ने समय हुन सक्ने विश्लेषण गरिन थाल्यो ।

सत्ताच्युत भएपछि इमरान खानले आफ्नो पराजय सहज रूपमा स्वीकार गरेनन् । उनले आफूविरुद्धको अविश्वास प्रस्तावलाई केवल संसदीय प्रक्रिया नभई विदेशी शक्तिहरू र उनीहरूका स्थानीय सहयोगीहरूले रचेको षड्यन्त्र भएको दाबी गर्न थाले ।

उनको आरोपको निशानामा अमेरिका मात्र होइन, पाकिस्तानको सेना पनि पर्न थाल्यो। उनले सेना आफूलाई सहयोग नगरेको भन्दै आलोचना गरे। सेनाले राजनीतिक रूपमा 'तटस्थ' रहने घोषणा गरेपछि इमरानले व्यंग्य गर्दै भने– ८८"तटस्थ त केवल जनावरहरू हुन्छन् ।"

यसपछि उनले सेनाका केही वरिष्ठ अधिकारीहरूलाई इतिहासका विवादास्पद पात्र ८८ मीर जाफर ८८ र ८८ मीर सादिक ८८ सँग तुलना गरे, जसलाई भारतीय उपमहाद्वीपको इतिहासमा विश्वासघातको प्रतीक मानिन्छ ।

यही अवधिमा सामाजिक सञ्जालमा सेना र नयाँ सरकारविरुद्ध व्यापक अभियान पनि सञ्चालन गरियो । यद्यपि ती तीव्र आलोचनाका बाबजुद पाकिस्तानी सेनाले सार्वजनिक रूपमा लामो समयसम्म कुनै प्रतिक्रिया दिएन ।

सन् २०२१ मा पाकिस्तानको गुप्तचर संस्था आईएसआईका प्रमुखको नियुक्तिलाई लिएर सरकार र सेनाबीच मतभेद सार्वजनिक भयो ।

सामान्यतया यस्तो विषय सार्वजनिक विवादको विषय बन्दैन । तर यस घटनाले पाकिस्तानमा वास्तविक शक्ति कहाँ छ भन्ने प्रश्न फेरि उठायो ।

यस विवादपछि इमरान खान र सेनाबीचको विश्वास कमजोर हुँदै गयो । अन्ततः अप्रिल २०२२ मा संसदमा अविश्वास प्रस्ताव पारित भयो र इमरान खान प्रधानमन्त्रीबाट बाहिरिए ।

संवैधानिक प्रक्रियाअनुसार सरकार परिवर्तन भए पनि इमरान खानले यसलाई विदेशी हस्तक्षेप र घरेलु शक्ति केन्द्रहरूको योजनाबद्ध राजनीतिक अभियानको परिणाम भएको दाबी गरे । विपक्षी दलहरूले भने यसलाई पूर्ण रूपमा संसदीय लोकतन्त्रको अभ्यासका रूपमा व्याख्या गरे ।

इमरान खानको बहिर्गमनपछि शहबाज शरीफको नेतृत्वमा गठबन्धन सरकार गठन भयो । अपेक्षा थियो कि नयाँ सरकारले राजनीतिक तनाव कम गर्नेछ र आर्थिक सुधारमा केन्द्रित हुनेछ।तर परिस्थिति त्यसको ठीक विपरीत विकसित भयो ।

एकातिर इमरान खान देशव्यापी आन्दोलनमा उत्रिए भने अर्कोतर्फ गठबन्धन सरकार आन्तरिक मतभेद, आर्थिक संकट र जनअसन्तुष्टिको चपेटामा पर्‍यो । विदेशी मुद्रा सञ्चिति न्यून हुँदै गयो, मुद्रास्फीति ऐतिहासिक स्तरमा पुग्यो, ऊर्जा संकट गहिरियो र अन्तर्राष्ट्रिय मुद्रा कोषसंग कठोर आर्थिक सम्झौता गर्नुपर्ने अवस्था आयो । राजनीतिक अस्थिरताले दीर्घकालीन आर्थिक सुधारलाई झन् कठिन बनायो । पाकिस्तानको अनुभवले एउटा महत्वपूर्ण तथ्य देखाउँछ–निर्वाचन मात्र लोकतन्त्रको अन्तिम मापदण्ड होइन । जब राजनीतिक दलहरू आन्तरिक रूपमा लोकतान्त्रिक हुँदैनन्, न्यायपालिका राजनीतिक विवादमा तानिन्छ, सुरक्षा निकायहरूले राजनीतिक प्रक्रियामा प्रभाव राख्छन्, सञ्चारमाध्यम स्वतन्त्र रूपमा काम गर्न सक्दैनन् र नागरिक संस्थाहरू कमजोर हुन्छन्, तब लोकतन्त्रको संस्थागत विकास अवरुद्ध हुन्छ । पाकिस्तान आज यही चक्रमा फसेको देखिन्छ ।

यसको प्रभाव केवल इस्लामाबादको राजनीतिमा सीमित छैन; यसले अर्थतन्त्र, सुरक्षा, सामाजिक विश्वास तथा सम्पूर्ण दक्षिण एशियाको रणनीतिक स्थिरतामाथि समेत प्रभाव पारिरहेको छ ।

बलूचिस्तान क्षेत्रफलका हिसाबले पाकिस्तानको सबैभन्दा ठूलो प्रान्त हो । प्राकृतिक ग्यास, तामा, सुन तथा अन्य खनिज स्रोतले सम्पन्न भए पनि यो प्रान्त आर्थिक रूपमा सबैभन्दा पछाडि परेको क्षेत्रमध्ये एक हो । स्थानीय समुदायले दशकौँदेखि राज्यले आफ्नो प्राकृतिक स्रोतको उचित लाभ नदिएको, विकासमा विभेद गरेको र राजनीतिक प्रतिनिधित्व सीमित बनाएको गुनासो गर्दै आएका छन् । यही असन्तोषले समय-समयमा सशस्त्र विद्रोहको रूप लिएको छ । पाकिस्तान स्थापना भएयता बलूचिस्तानमा विभिन्न चरणमा विद्रोह भएका छन्, जसको पछिल्लो लहर सन् २००० को दशकदेखि निरन्तर देखिएको छ ।

### मानवअधिकार र राज्यको प्रतिक्रिया

सुरक्षा चुनौतीसँगै मानवअधिकारको प्रश्न पनि जोडिएको छाविभिन्न अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरूले विशेष गरी बलूचिस्तानमा जबर्जस्ती बेपत्ता पारिएका व्यक्तिहरू, गैरन्यायिक हत्या, अभिव्यक्ति स्वतन्त्रतामाथिको दबाब तथा नागरिक अधिकारसम्बन्धी चिन्ता व्यक्त गर्दै आएका छन्।

राजनीतिक अस्थिरतासँगै आर्थिक संकटले पनि सुरक्षा समस्यालाई जटिल बनाएको छापछिल्ला वर्षहरूमा पाकिस्तानले विदेशी मुद्रा अभाव, बढ्दो ऋण, उच्च मुद्रास्फीति, ऊर्जा संकट, बेरोजगारी तथा विकास खर्चमा कटौतीजस्ता समस्या सामना गरिरहेको छ ।

### भारत-पाकिस्तान सम्बन्ध : स्थायी तनाव

भारत र पाकिस्तानबीचको सम्बन्ध सात दशकदेखि जटिल रहँदै आएको छाकश्मीर विवाद, सीमापार आतंकवाद, नियन्त्रण रेखामा हुने झडप तथा कूटनीतिक अविश्वासले सम्बन्धलाई निरन्तर तनावपूर्ण बनाएको छ ।

### चीन, अमेरिका र भूराजनीतिक सन्तुलन

पाकिस्तानको संकटलाई केवल घरेलु राजनीतिबाट मात्र बुझ्न सकिँदैन।चीन-पाकिस्तान आर्थिक करिडोर, फगानिस्तानको राजनीतिक अवस्था, अमेरिकासँगको सम्बन्ध, खाडी मुलुकहरूको आर्थिक सहयोग तथा अन्तर्राष्ट्रिय मुद्रा कोषसँगको निर्भरता–यी सबै तत्व पाकिस्तानको वर्तमान अवस्थासँग गाँसिएको छ । चीनका लागि पाकिस्तान हिन्द महासागरतर्फको रणनीतिक पहुँच हो भने अमेरिकाका लागि आतंकवाद नियन्त्रण र क्षेत्रीय स्थिरताको दृष्टिले महत्वपूर्ण साझेदार रहँदै आएको छ । यद्यपि बदलिँदो अन्तर्राष्ट्रिय शक्ति सन्तुलनका कारण पाकिस्तान अहिले नयाँ कूटनीतिक चुनौतीको सामना गरिरहेको देखिन्छ । पाकिस्तान केवल आतंकवादविरुद्धको लडाइँ लडिरहेको देश मात्र होइन । यो आफ्नो राज्य संरचना, लोकतान्त्रिक संस्थाहरू, आर्थिक क्षमता र राष्ट्रिय एकताको परीक्षा पनि दिइरहेको राष्ट्र हो । राजनीतिक अस्थिरता, कमजोर अर्थतन्त्र र बहुआयामिक सुरक्षा चुनौतीले पाकिस्तानलाई कठिन मोडमा पुर्‍याएको छ । यदि यी समस्याको समाधान संस्थागत सुधार, आर्थिक पुनर्निर्माण र राजनीतिक सहमतिमार्फत खोजिएन भने अस्थिरता अझ लम्बिन सक्ने जोखिम रहन्छ ।

राजनीतिक दलहरू स्वयं पनि लोकतान्त्रिक अभ्यासमा कमजोर देखिन्छन् । नेतृत्वको अत्यधिक केन्द्रीकरण, वंशवादी राजनीति, दलभित्रको सीमित प्रतिस्पर्धा तथा वैचारिकभन्दा व्यक्तिकेन्द्रित राजनीति संस्थागत लोकतन्त्रका लागि चुनौती बनेका छन् ।

# आत्मनिर्भर अर्थतन्त्रको आधार र घरेलु तथा साना उद्योगको विकास



शोभा गुरुङ

नेपालको आर्थिक विकास र आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि घरेलु तथा साना उद्योगको भूमिका अत्यन्त महत्त्वपूर्ण छ । सीमित पुँजी, स्थानीय स्रोत-साधन, परम्परागत सीप र श्रमको उपयोग गरी सञ्चालन हुने यस्ता उद्योगले रोजगारी सिर्जना, गरिबी न्यूनीकरण, महिला सशक्तीकरण, ग्रामीण अर्थतन्त्रको सुदृढीकरण तथा विदेशी मुद्रा आर्जनमा उल्लेखनीय योगदान पुर्याउँदै आएका छन् । ठूला उद्योगको तुलनामा कम लगानीमा बढी रोजगारी सिर्जना गर्ने क्षमता भएकाले विकासोन्मुख मुलुकका लागि घरेलु तथा साना उद्योग आर्थिक विकासको बलियो आधार मानिन्छन् । तर नेपालमा यस क्षेत्रले पर्याप्त सम्भावना हुँदाहुँदै पनि नीतिगत अस्थिरता, वित्तीय पहुँचको अभाव, प्रविधिगत कमजोरी, बजार प्रतिस्पर्धा र प्रशासनिक जटिलताजस्ता समस्याका कारण अपेक्षित गति लिनसकेको छैन ।

नेपालमा घरेलु तथा साना उद्योगको इतिहास निकै पुरानो छ । ढाका, हस्तकला, अल्लो, बाँस तथा निगालोका सामग्री, काठ तथा धातुकला, जडीबुटी प्रशोधन, दुग्धजन्य पदार्थ, खाद्य प्रशोधन, माटाका भाँडाकुँडा, प्रस्तरकला तथा अन्य परम्परागत उद्योगहरूले नेपाली समाजको आर्थिक तथा सांस्कृतिक जीवनमा महत्वपूर्ण योगदान दिएका छन् । पछिल्लो समय कृषि प्रशोधन, सूचना प्रविधि, ब्यूटीपार्लर, महिला उद्यमशीलता र घरेलु उत्पादनमा आधारित साना उद्योगहरूको विस्तार पनि हुँदै गएको छ । यी उद्योगहरू झण्डै ३० प्रतिशत उद्योग महिला नेतृत्वमा सञ्चालित छन् । महिला सशक्तीकरणको मुख्य क्षेत्र भनेकै घरेलु तथा साना उद्योगको प्रवर्द्धन हुन सक्दछ । नेपालमा करिब सात लाख उद्योग सञ्चालनमा रहेका र तिनले करिब ३० लाख व्यक्तिलाई रोजगारी उपलब्ध गराएको अनुमान छ । हस्तकला उद्योगमा मात्र १० लाखभन्दा बढी व्यक्ति आबद्ध छन्, जसमा उल्लेखनीय सङ्ख्यामा महिला उद्यमी रहेका छन् । यसले घरेलु तथा साना उद्योग आर्थिक गतिविधिको माध्यम मात्र नभई समावेशी विकासको आधारसमेत भएको पुष्टि गर्छ ।

घरेलु तथा साना उद्योगले नेपालको कुल गार्हस्थ्य उत्पादन, रोजगारी र निर्यातमा पनि उल्लेखनीय योगदान दिएका छन् । हस्तकला क्षेत्रबाट मात्र वार्षिक अर्बौं रुपैयाँ बराबरको निर्यात हुने गरेको छ भने आन्तरिक बजारमा पनि यसको ठूलो कारोबार रहेको छ । विदेशी पर्यटकहरूले नेपाली हस्तकला, ढाका, मूर्तिकला तथा अन्य स्थानीय उत्पादन उपहारका रूपमा खरिद गर्ने भएकाले विदेशी मुद्रा आर्जनमा समेत यस क्षेत्रको योगदान उल्लेखनीय छ । नेपालको कुल गार्हस्थ्य उत्पादनमा औद्यागिक क्षेत्रको करिब पाँच प्रतिशत योगदान रहेकामा घरेलु तथा साना उद्योगको हिस्सा झण्डै ९० प्रतिशत रहेको छ । विकसित राष्ट्रहरूको अनुभवले पनि घरेलु तथा साना उद्योगको महत्व स्पष्ट पार्छ । उदाहरणका रूपमा जापानको औद्योगिक विकासमा करिब ९३ प्रतिशत योगदान घरेलु तथा साना उद्योग क्षेत्रको रहेको मानिन्छ । यसले नेपालजस्तो मुलुकमा पनि घरेलु उद्योगलाई आर्थिक विकासको मुख्य आधार बनाउन सकिने सम्भावना देखाउँछ ।

### चुनौतीको घेरा

यद्यपि वर्तमान अवस्थामा घरेलु तथा साना उद्योग अनेक समस्याबाट ग्रसित छन् । सबैभन्दा ठूलो समस्या पर्याप्त पुँजीको अभाव हो । अधिकांश उद्यमीले बैंक तथा वित्तीय संस्थाबाट सहज रूपमा ऋण प्राप्त गर्न सक्दैनन् । धितोको अभाव, जटिल प्रक्रिया, उच्च ब्याजदर र कठोर ऋण मापदण्डका कारण धेरै उद्योगी आवश्यक लगानी जुटाउन असफल भइरहेका छन् । सरकारले सहुलियतपूर्ण कर्जाको व्यवस्था गरे पनि त्यसको प्रभावकारी कार्यान्वयन हुनसकेको छैन । महिला उद्यमशीलताबापत प्रदान गरिने सहुलियत पनि अहिले रोकिएको अवस्था छ । यसले गर्दा नयाँ घरेलु तथा साना उद्योग स्थापना हुन त परै जाओस्, भएकाहरु पनि सीमित उत्पादनमै छन् भने कतिपय उद्योग बन्द हुने अवस्थामा पुगेका छन् ।

प्रविधिको अभाव अर्को प्रमुख चुनौती हो । अधिकांश घरेलु उद्योग अझै परम्परागत उपकरण र उत्पादन प्रणालीमा निर्भर छन् । आधुनिक मेसिन, गुणस्तर परीक्षण, अनुसन्धान तथा नवीन प्रविधिको प्रयोगमा लगानी कम भएकाले उत्पादनको गुणस्तर, उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमता कमजोर बनेको छ । विश्व बजारमा नयाँ प्रविधि तीव्र रूपमा विकास भइरहे पनि नेपाली उद्यमी त्यसबारे पर्याप्त जानकारी र पहुँचबाट वञ्चित छन् । सरकारी तालिम केन्द्रहरूमा पनि समयअनुकूल पाठ्यक्रम र आधुनिक प्रविधिसम्बन्धी ज्ञानको अभाव देखिन्छ । यसले उद्योगहरूको दीर्घकालीन विकासमा नकारात्मक प्रभाव पारेको छ ।

बजार व्यवस्थापन तथा आयातित वस्तुसँगको असमान प्रतिस्पर्धा पनि गम्भीर समस्या हो । विदेशी उत्पादन ठूलो परिमाणमा कम मूल्यमा नेपाली बजारमा भित्रिँदा स्वदेशी उद्योगका उत्पादन बिक्री गर्न कठिन भइरहेको छ । नेपाली उत्पादनको गुणस्तर राम्रो भए पनि ब्रान्डिङ, प्याकेजिङ, विज्ञापन र बजार विस्तारको कमजोरीका कारण तिनले उचित बजार पाउन सकेका छैनन् । उपभोक्तामा विदेशी वस्तुप्रतिको आकर्षण बढ्दै जाँदा स्थानीय उत्पादन थप दबाबमा परेका छन् । यसले उद्योगको उत्पादन, आम्दानी र रोजगारीमा प्रत्यक्ष असर पारेको छ ।

नीतिगत अस्थिरता र प्रशासनिक झन्झट पनि घरेलु उद्योगको विकासमा बाधक बनेका छन् । सरकार परिवर्तनसँगै उद्योगसम्बन्धी नीति र कार्यक्रम परिवर्तन हुने प्रवृत्तिले लगानीकर्तामा अन्योल सिर्जना गरेको छ । उद्योग दर्ता, नवीकरण, कर प्रशासन तथा विभिन्न अनुमति प्रक्रियाहरू अझै पनि जटिल र समयखर्ची छन् । विभिन्न सरकारी निकायबीच समन्वयको अभावले उद्योग सञ्चालन झन् कठिन बनेको छ । जडीबुटी, वन पैदावार वा प्रस्तर उद्योग सञ्चालनका लागि आवश्यक अनुमति लिन धेरै निकाय धाउनुपर्ने अवस्थाले उद्यमशीलतालाई निरुत्साहित गरेको छ । दक्ष जनशक्तिको अभाव पनि घरेलु तथा साना उद्योगको अर्को चुनौती हो । रोजगारीको खोजीमा युवा ठूलो सङ्ख्यामा वैदेशिक रोजगारीमा जानुका कारण उद्योगलाई आवश्यक प्राविधिक तथा दक्ष श्रमिकको अभाव हुँदै गएको छ । सरकारले सीप विकास तालिम सञ्चालन गरे पनि ती तालिम आधुनिक प्रविधि र बजारको मागअनुसार अद्यावधिक हुन सकेका छैनन् । यसले उद्योगमा नवप्रवर्तन, उत्पादन क्षमता र प्रतिस्पर्धात्मकता बढाउन कठिनाइ उत्पन्न गरेको छ ।

कोभिड-१९ महामारी, प्राकृतिक विपत्ति तथा आर्थिक मन्दीले पनि घरेलु उद्योगलाई ठूलो क्षति पुर्‍याएको थियो । हजारौँ उद्योग लामो समय बन्द भए, कच्चा पदार्थको मूल्य बढ्यो, यातायात खर्च महँगियो र उपभोक्ताको क्रयशक्ति घट्यो । महामारीपछि पनि धेरै उद्योग पूर्ण रूपमा पुनःस्थापित हुनसकेका छैनन् । यसले साना उद्योग सङ्कटप्रति अत्यन्त संवेदनशील हुने भएकाले यिनका लागि विशेष राहत, बीमा तथा संरक्षण संयन्त्र आवश्यक रहेको स्पष्ट पारेको छ । सरकारले २०७१ सालमा ल्याएको स्वदेशी वस्तु खरिद निर्देशिकामा स्वदेशी उत्पादन १५ प्रतिशत महंगो भए पनि खरिद गर्नुपर्ने भनिए पनि तीनै तहका सरकारहरुले आफू मातहतका निकायहरुमा यसलाई अनिवार्य नगर्दा विदेशी उत्पादनसँग प्रतिस्पर्धा गर्न कठिन भएको छ ।

नेपालमा कृषि, जडीबुटी, वन पैदावार, पर्यटन, हस्तकला, ढाका, अल्लो, बहुमूल्य पत्थर तथा स्थानीय कच्चा पदार्थमा आधारित उद्योग विस्तार गर्ने प्रशस्त अवसर छन् । वर्तमान सरकारले सूचना प्रविधिमा जोड दिएअनुसार उद्यमीहरुलाई डिजिटल प्रविधि, सामाजिक सञ्जाल, ई-कमर्स तथा अनलाइन बजारतर्फ अभिमुखीकरण गर्नुपर्नेछ । यसबाट गुणस्तरीय उत्पादन, आधुनिक प्याकेजिङ, प्रभावकारी ब्रान्डिङ र निर्यात प्रवर्द्धनमार्फत नेपाली उत्पादनलाई विश्व बजारमा स्थापित गर्न सकिने सम्भावना बलियो छ ।

### समाधानको बाटो

घरेलु तथा साना उद्योगको विकासका लागि सरकार, निजी क्षेत्र, वित्तीय संस्था र उपभोक्ताबीच प्रभावकारी सहकार्य आवश्यक छ । सरकारले उद्योगमैत्री नीति, कर सहुलियत, सहुलियतपूर्ण कर्जा, सरल प्रशासनिक प्रक्रिया, आधुनिक प्रविधि हस्तान्तरण, अनुसन्धान तथा सीप विकास कार्यक्रमलाई प्राथमिकता दिनुपर्छ । बैंक तथा वित्तीय संस्थाले धितोमा मात्र आधारित नभई व्यवसायको सम्भाव्यता मूल्याङ्कन गरी सहज ऋण उपलब्ध गराउनुपर्छ । निजी क्षेत्रले बजार विस्तार, प्रविधि हस्तान्तरण र व्यवस्थापन सुधारमा सहकार्य गर्नुपर्छ भने उपभोक्ताले स्वदेशी उत्पादनप्रति विश्वास र प्राथमिकता दिनुपर्छ । स्वदेशी उत्पादनलाई प्रवर्द्धन गर्ने राष्ट्रिय नीति बन्नसके मात्र घरेलु उद्योगले दीर्घकालीन संरक्षण र प्रोत्साहन पाउनेछन् ।

घरेलु तथा साना उद्योग नेपालको आत्मनिर्भर अर्थतन्त्र निर्माण, दिगो विकास, रोजगारी विस्तार र समावेशी समृद्धिका आधारस्तम्भ हुन् । सरकारको सात प्रतिशतले आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य पूरा गर्न पनि यी उद्योगको संरक्षण र प्रवर्द्धन गर्न आवश्यक छ । कतिपय घरेलु तथा साना उद्योगहरुबाट उत्पादित सामान विदेशमा पनि निर्यात हुने गर्दछ तर विगत दुई वर्षदेखि त्यस्त सामग्रीहरुमा उपलब्ध अनुदानलगायतका सहुलियत रोकिएको अवस्था छ ।

# ट्राफिकको १३ करोड राजश्व संकलन

**टुडे समाचारदाता**

रौतहट । ट्राफिक नियम उल्लंघन गर्ने सवारीसाधनमाथि व्यापक कारबाही गर्दै गत आर्थिक वर्षमा मधेश प्रदेशबाट ट्राफिक प्रहरीले झण्डै १३ करोड रुपैयाँ राजस्व संकलन गरेको छ।



ट्राफिक प्रहरीको यही कडाइ, निरन्तर सचेतना अभियान र प्रभावकारी निगरानीका कारण सवारी दुर्घटनाको संख्या बढे पनि दुर्घटनाबाट ज्यान गुमाउनेको संख्या भने घटेको देखिएको छ।

प्रदेश ट्राफिक प्रहरी कार्यालय पथलैयाका प्रमुख एसपी ज्ञानेन्द्र बहादुर बस्नेतका अनुसार आर्थिक वर्ष २०८२/८३ मा ट्राफिक नियम उल्लंघन गर्ने १ लाख १० हजार ७५५ सवारीसाधनमाथि कारबाही गर्दा ११ करोड १५ लाख ६५ हजार २१० रुपैयाँ राजस्व संकलन भएको छ।

यस्तै, यातायात व्यवस्था कार्यालयमार्फत ८४८ ओभरलोड सवारीसाधन कारबाहीमा पर्दा थप १ करोड ५४ लाख ४९ हजार २५७ रुपैयाँ राजस्व उठेको छ । जिल्लागत रूपमा पर्सामा सबैभन्दा धेरै १३ हजार ७८९ सवारीसाधन कारबाहीमा परेका छन् । त्यसबाट १ करोड ६१ लाख ७१ हजार ५०२ रुपैयाँ राजस्व संकलन भएको छ।

त्यसैगरी महोत्तरीमा १ करोड ४९ लाख ३० हजार ५०२ रुपैयाँ, बारामा १ करोड ३२ लाख ७९ हजार ५१ रुपैयाँ, रौतहट र सर्लाहीमा समान १ करोड १७ लाख ५२ हजार ५०२ रुपैयाँ, सिरहामा १ करोड १४ लाख ५६ हजार रुपैयाँ, धनुषामा १ करोड ११ लाख ३४ हजार ५० रुपैयाँ तथा सप्तरीमा ५४ लाख १४ हजार ५५१ रुपैयाँ राजस्व उठेको छ। प्रदेश ट्राफिक प्रहरी कार्यालय पथलैयाले मात्रै १ करोड ७२ लाख ८२ हजार ५३ रुपैयाँ राजस्व संकलन गरेको जनाएको छ।

यही अवधिमा प्रदेशभर ११ हजार ४१६ सवारी दुर्घटना भएका छन्, जसमा ५३४ जनाको मृत्यु भएको छ। अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा ७ हजार ४४३ दुर्घटनामा ५६४ जनाले ज्यान गुमाएका थिए। अर्थात् दुर्घटना उल्लेख्य रूपमा बढे पनि मृतकको संख्या ३० ले घटेको छ।

प्रदेश ट्राफिक प्रहरीका प्रवक्ता डीएसपी नवराज न्यौपानेका अनुसार दुर्घटनामा सबैभन्दा बढी ७ हजार ८५१ मोटरसाइकल परेका छन्। मोटरसाइकलको अत्यधिक प्रयोग, तीव्र गति, ट्राफिक नियम उल्लंघन, हेल्मेट प्रयोगमा लापरवाही, जोखिमपूर्ण ओभरटेक, अनुभवहीन चालक, मोबाइल चलाउँदै सवारी चलाउने बानी, मदिरा सेवनपछि सवारी चलाउने प्रवृत्ति तथा वर्षायाममा चिप्लो सडक दुर्घटनाका मुख्य कारण हुन्।

आर्थिक वर्षभर प्रदेशका विभिन्न स्थानमा २६ हजार ८८३ ट्राफिक सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको थियो, जसमा १४ लाख २४ हजार ८४४ जनाको सहभागिता रहेको थियो।

# वन अतिक्रमण हटाउने तीव्र

**टुडे समाचारदाता**

लहान। सिरहाको लहानस्थित डिभिजन वन कार्यालयले वन अतिक्रमण हटाउने कार्यलाई तिव्रता दिएका छन् । कार्यालयले वन क्षेत्र अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाउनुका साथै अवैध रूपमा खेती गरिएका जग्गा खाली गराएको जनाएको छ।

कार्यालय प्रमुख बेचन चौधरीका अनुसार गोलबजार नगरपालिकास्थित चोहर्वा ब्यारेक नजिकै वन क्षेत्र अतिक्रमण गरी बनाइएको संरचना हटाइएको छ। यस्तै बलान सामुदायिक वन क्षेत्रको जग्गा अतिक्रमण गरी खनजोत गरेर खेती गरिरहेको क्षेत्रसमेत खाली गराइएको उनले जानकारी दिएका छन्।

डिभिजन वन कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा वन संरक्षण, जैविक विविधता प्रवर्द्धन, सार्वजनिक स्थलको सौन्दर्यीकरण तथा वन पैदावार चोरी तस्करी नियन्त्रणका क्षेत्रमा विभिन्न कार्यक्रम सञ्चालन गरेको जनाएको छ।

कार्यालय प्रमुख चौधरीका अनुसारनवराजपुरगाउँपालिकास्थित सोनबर्षा विद्यालय परिसरमा १६ लाख रुपैयाँ लागतमा 'हरित पार्क' निर्माण गरिएको छ। पार्कमा घेराबार, राष्ट्रिय झण्डा राख्ने संरचना, पदमार्ग तथा विद्यार्थीका लागि खेलकुद क्षेत्र निर्माण गरिएको छ।

तयसैगरी धनगढीमाई नगरपालिकाको तिनकोनीस्थित पोखरी २४ लाख रुपैयाँ लागतमा संरक्षण तथा सौन्दर्यीकरण गरिएको जनाइएको छ । सो योजना अन्तर्गत पोखरीमा घाट निर्माण गर्नुका साथै वरपरको क्षेत्र व्यवस्थित बनाइएको कार्यालयले जनाएको छ।

धनगढीमाई मन्दिर परिसरमा चार लाख रुपैयाँ लागतमा पार्क निर्माण गरिएको छ भने जिरोमाइलस्थित पार्क तीन लाख ६० हजार रुपैयाँ लागतमा मर्मत गरिएको छ । वन संरक्षणका लागि बलानमाई सामुदायिक वन, सुबेदार चौरी सामुदायिक वन तथा बलान खोला सन्यासी सामुदायिक वन क्षेत्रमा वृक्षरोपण गरिएको कार्यालयले जानकारी दिएका छन्।



इवाई खोल्सी सामुदायिक वन र राजदेवी चुरे सामुदायिक वनमा सिमसार संरक्षणका कार्यक्रम सञ्चालन गरिएको छ। मुतनी खोला सामुदायिक वनलाई प्राङ्गारिक मल उत्पादनका लागि अनुदानसमेत उपलब्ध गराइएको कार्यालयले जनाएको छ । वन पैदावारको अवैध कटानी तथा ओसारपसार नियन्त्रणका लागि नियमित गस्तीलाई निरन्तरता दिइएको डिभिजन वन कार्यालयले जनाएको छ।

कार्यालयका सूचना अधिकारी राधेश्याम चौधरीका अनुसार आर्थिक वर्ष २०८२/८३ मा ९० क्युफिट चिरान काठ र १३० क्युफिट गोलिया काठ बरामद गरिएको छ। वन पैदावार चोरी तस्करीमा संलग्न तीन जनालाई पक्राउ गरी कानुनी कारबाही अघि बढाइएको उनले जानकारी दिए।

चुरे क्षेत्रबाट हुने ढुङ्गा, गिट्टी र बालुवाको अवैध उत्खनन तथा ओसारपसार नियन्त्रणका लागि नियमित अनुगमन र गस्ती गरिदै आएको कार्यालयले जनाएको छ।

## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय महेन्द्रनगर, धनुषाका, तपसिलमा उल्लेखित जमानतकर्तालाई जमानत दायित्व (ऋण कर्जा) चुक्ता गर्न आउने बारेको ९० दिने सार्वजनिक सूचना।

**(सूचना प्रकाशित मिति २०८३/०३/२५ गते बिहिबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिका)**

यस बैंकका तपशिलमा उल्लेखित ऋणीहरुले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धि शर्त, कबुलियत उल्लघंन गर्नु भएको हुँदा कर्जा असुलीका लागि पटक पटक मौखिक तथा लिखित एवं यस अघिको विभिन्न मितिको राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा तहाँ जमानतकर्ताहरुलाई समेत कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्न सूचना प्रकाशित गरी तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा तहाँ जमानतकर्ताहरुले समेत कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्न चासो नदेखाई आलटाल गरी बसेको हुँदा बैंकले बाध्य भई ऋणीले कर्जा सुरक्षणको रुपमा बैंक समक्ष दिएको धितो सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी लिलाम बिक्री/धितो सकारको माध्यमबाट अंशिक कर्जा असुल उपर गरिएकोमा उक्त धितो सम्पत्तिबाट सम्पूर्ण कर्जा असुल उपर नभएको हुँदा नेपाल राष्ट्र बैंकबाट "क" "ख" "ग" र "घ" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशन नं. १२/०८२, नं. ९ (४) वमोजिम तहाँ जमानतकर्ताहरुलाई जमानत दायित्व चुक्ता गर्न आउने बारे यो सूचना प्रकाशित गरिएकोछ। अतः यो सूचना प्रकाशित भएको मितिले ९० दिन भित्र बाँकी कर्जा सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न तपसिलमा उल्लेखित जमानतकर्तालाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। यो सूचना समेतको बेवास्ता गरी उल्लेखित समयावधिभित्र बैंकको सम्पूर्ण रकम चुक्ता फछ्र्यौट नगर्नु भएको खण्डमा तपाईं जमानतकर्ताहरुलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने र जमानतकर्ताबाट कर्जा असूल उपर गर्न अन्य आवश्यक कानूनी प्रकृया शुरु गरिने व्यहोरासमेत यसै सूचना वमोजिम जानकारी गराउँदछौं। बैंकको उल्लेखित काम कारवाहीबाट तपाईं जमानतकर्ताहरुको आफ्नो व्यावसायिक ख्याति, सामाजिक प्रतिष्ठा उपर पर्न सक्ने अन्य असर र त्यसबाट उत्पन्न हुन सक्ने परिणाम समेतलाई ध्यानमा राखी उल्लेखित समयावधि भित्र सम्पूर्ण जमानत दायित्व (कर्जा) चुक्ता फछ्र्यौट गर्न वा गराउनु हुन अपेक्षा गरिएको छ।

**तपसिल**

| ऋणी तथा जमानतकर्ताको विवरण : | |
|---|---|
| **१ ऋणी :** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७५/०२/०७ मा दर्ता नं. १८९८१८/७४/०७५ मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग आन्तरिक राजस्व कार्यालय, जनकपुरबाट मिति २०७५/०२/०७ (मु.अ.कर दर्ता मिति २०७५/०२/०७) मा दर्ता भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नम्बर ६०६७०५६१३ को प्रमाणपत्र प्राप्त **जनज्योति ट्रेडिङ्ग एण्ड सप्लायर्स प्रा.लि.** (सञ्चालक : जिवछी चौधरी)।<br>ठेगाना : जिल्ला धनुषा, मिथिला नगरपालीका वडा नं. ७, ढल्केवर। | **जमानतकर्ता : बिजय कुमार चौधरी**<br>(ना.प्र.नं. २५६६२१७९, जारी मिति २०४५/०२/१६, प्रतिलिपि जारी मिति २०७४/०५/१६, जारी गर्ने कार्यालय जि.प्र.का. धनुषा)।<br>ठेगाना : जिल्ला धनुषा ढल्केवर गा.वि.स. वडा नं. ७,<br>(हाल मिथिला न.पा. वडा नं. ६)।<br>बाबु : अनुष्ठा चौधरी कलवार।<br>बाजे : रघुनाथ चौधरी। |

प्रभु बैंक लिमिटेड
प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
फोन नं. : ०१-५७१९०००

# आज नेकपाको प्रदेशस्तरीय प्रशिक्षण तथा शपथ ग्रहण



**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को मधेश प्रदेशस्तरीय प्रशिक्षण, एकता समायोजन तथा शपथ ग्रहण कार्यक्रम बुधबार जनकपुरधाममा आयोजना हुने भएको छ।

नेकपा मधेश प्रदेश संयोजक राजु खड्काले मंगलबार आयोजित पत्रकार सम्मेलनमार्फत उक्त जानकारी दिएका हुन्। उनका अनुसार कार्यक्रम जनकपुरधामस्थित महेन्द्र नारायण निधि प्रतिष्ठानमा आयोजना गरिनेछ।

कार्यक्रमका मुख्य वक्ताका रूपमा नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' र सहसंयोजक माधवकुमार नेपाल सहभागी हुने जनाइएको छ। दुवै शीर्ष नेताले पार्टीको वैचारिक दिशा, संगठन विस्तार, एकता समायोजन तथा समसामयिक राजनीतिक विषयमा प्रशिक्षण दिने कार्यक्रम रहेको संयोजक खड्काले बताए।

उनका अनुसार कार्यक्रममा मधेश प्रदेशका विभिन्न जिल्लाबाट पार्टीका नेता-कार्यकर्ता, जनप्रतिनिधि तथा शुभेच्छुकहरूको उल्लेख्य सहभागिता रहने अपेक्षा गरिएको छ। साथै पार्टी एकीकरणपछि संगठनलाई थप सुदृढ बनाउने उद्देश्यले समायोजन प्रक्रिया तथा नवआगन्तुक सदस्यहरूको शपथ ग्रहण पनि गराइनेछ।

## श्री धर्म संस्था
### (रामस्वरूप साह रामसागर साह)
### मिल्स एरिया जनकपुर उपमहानगरपालिका -१
### मधेश प्रदेश नेपाल

## कोठा वहालमा लगाउने बारे सूचना

**दोस्रो पटक प्रकाशित मिति २०८३/०४/०५ गते मंगलबार**

जिल्ला धनुषा जनकपुरधाम उप-महा नगरपालिका वार्ड नं. १, मिल्स एरियामा अवस्थित श्री धर्म संस्था राम स्वरूप साह राम सागर साह को नयाँ भवनमा मार्केट कम्प्लेक्सको पहिलो तल्लामा क्षेत्रफल ६६५ वर्ग फिट रहेको एक वटा कोठा वहालमा लगाउनु पर्ने भएकोले इच्छुक व्यक्ति र संघसंस्थाहरुले यस संस्थाले निर्धारण गरेको तपसिल अनुसारको न्यूनतम मासिक कोठा वहाल दर रेट भन्दा बढी कबोल गरि यो सूचना प्रकाशित भएको मितिले ७ (सात)दिन भित्रमा शिलबन्दी टेन्डर फाराम पेश गर्ने हुनको लागि यो सूचना प्रकाशित गरिएको छ।

**नोट :-**

१. संस्थाले एक वटा हाल न्यूनतम मासिक वहाल रु.३०,०००.०० (तिस हजार) कर बाहेक निर्धारण गरेको छ।
२. टेन्डरदाताले शिलबन्दी टेन्डर फाराम कार्यालय समयभित्र संस्था बाट फिर्ता नहुने गरि रु.५०.०० (पचास) मात्रमा खरिद गर्न सकिने छ।
३. शिलबन्दी टेन्डर फाराम फर्मको नाउँमा मात्र भर्न पाउने छ।
४. (क) टेन्डर फाराम साथ आफुले कबोल गरेको मासिक भाडाको आधारमा तिन महिना बराबरको वहाल धरौटीको रुपमा संस्थाको एभरेष्ट बैंक लि. को खाता नं. ०१३००१०५२००६२९ SHRI DHARMA SANSTHA , MILLS AREA–1 मा जम्मा गरि बैंक भौचर टेन्डर फाराम साथ पेश गर्नु पर्ने छ।
(ख) टेन्डरदाताको टेन्डर स्वीकृत भएको खातामा घर कोठा बहालको सम्झौता गर्ने बेलामा पुनः तीन महिनाको वहाल रकम संस्थामा बुझाउनु पर्ने छ ,यसरी ६ महिनाको वहाल रकम धरौटीको रुपमा संस्थामा जम्मा रहने छ। तर टेन्डर स्वीकृत नभएको खण्डमा प्रकरण ४ (क) अनुसार जम्मा गरिएको धरौटी रकम संस्थाले चेक मार्फत टेन्डरदातालाई संस्थाको नियमानुसार फिर्ता गर्ने छ। .
५. सूचना समय भित्र आएको शिलबन्दी टेन्डर फाराम मात्र मान्य हुने छ।
६. शिलबन्दी टेन्डर फाराम स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस संस्थामा निहित रहने छ।

**सभापति**

## REQUEST FOR PROPOSAL FOR SERVICES/QUOTATIONS

UNICEF Nepal is inviting proposals from interested agencies for the below procurement activities. The specification and bidding documents can be easily accessed at https://www.unicef.org/nepal/procurement

| RFP/RFQ Number | Description | Deadline |
|---|---|---|
| LRFQ-2026-9205066 | Procurement of Educational Items | 27 July 2026<br>24:00hrs (Nepal Time) |

Proposals/Quotation received after the stipulated date and time will be invalidated.

*UNICEF NCO reserves the right to reject any/all proposals without assigning any reasons whatsoever. The only successful bidder will be contacted.*

unicef | for every child

# शिक्षा र स्वास्थ्य क्षेत्रमा लगाइएको समता कर हट्यो




काठमाण्डु । सरकारले निजी शिक्षा र स्वास्थ्य क्षेत्रमा लगाइएको ३ प्रतिशत समता कर हटाएको छ । प्रधानमन्त्री वालेन्द्र साहले सामाजिक सञ्जालमार्फत उक्त व्यवस्था कार्यान्वयन गर्दा आममानिसले थप खर्च र निराशा भोग्नु पर्ने देखिएको उल्लेख गर्दै अहिलेका लागि समता कर हटाइएको उल्लेख गर्नुभएको छ।

प्रधानमन्त्री साहले अर्थमन्त्री स्वर्णिम वाग्लेसँगको परामर्शपछि हालका लागि शिक्षा समता शुल्क र स्वास्थ्य समता शुल्क लागु नगर्ने निर्णय गरिएको बताउनुभयो।

"यो सरकार जनताको विश्वास र अपेक्षाबाट बनेको जनमुखी सरकार हो । हाम्रो मुख्य उद्देश्य सुशासन कायम गर्दै सबै नागरिकलाई गुणस्तरीय जीवनको अनुभूति गराउनु हो," प्रधानमन्त्री शाहले भन्नुभएको छ।

तीन प्रतिशत समता कर ल्याउनुको उद्देश्य दुर्गम र पछाडि परेका क्षेत्रका नागरिकलाई राम्रो शिक्षा र स्वास्थ्य सेवा उपलब्ध गराउनु, दलित, सिमान्तकृत तथा विपन्न बालबालिकालाई सहयोग गर्नु, स्वास्थ्य बीमा विस्तार गर्नु र त्यसका लागि आवश्यक आर्थिक स्रोत जुटाउनु रहेको प्रधानमन्त्रीको भनाइ छ । उहाँले करको दायरा विस्तार गरेर अर्थतन्त्रलाई अझ व्यवस्थित बनाउने लक्ष्यसहित उक्त व्यवस्था ल्याइएको बताउनुभयो।

उहाँले नागरिक तहमा समता देखिएको समता करप्रतिको प्रतिक्रियाले सरकारको गम्भीर ध्यानाकर्षण गरेको र नागरिकको माग सुन्दै अगाडि बढ्न तथा समतामूलक समाज निर्माण गर्न आफूहरुको प्रतिबद्धता अटल र स्पष्ट रहेको बताउनुभयो । "सरकारका सबै निर्णय नागरिकको हितलाई केन्द्रमा राखेर गरिएका छन् र गरिने छन् । कुनै निर्णयप्रति नागरिक असन्तुष्ट भएमा त्यसमा सुधार र परिमार्जन गर्न सरकार सधैं तयार रहनेछ", प्रधानमन्त्री शाहले भन्नुभयो, "विपन्न र गरिब नागरिकले गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा पाउन सकून् भन्ने उद्देश्यले निजी अस्पतालमा १० प्रतिशत शय्या र निजी क्याम्पस तथा विश्वविद्यालयमा १० प्रतिशत सिट पारदर्शी र न्यायोचित रूपमा उपलब्ध गराउने नीति कार्यान्वयन गर्न सरकार प्रतिबद्ध छ।" रासस

## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८३/०४/०६ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय रुपनी, सप्तरीबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

| बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति/समय |
|---|---|
| २०८३/०४/२० गते/स्थान : शाखा कार्यालय रुपनी, सप्तरी | २०८३/०४/२२ गते, शुक्रबार दिनको ३ बजे |

| क्र.सं. | शाखा कार्यालय : रूपनी, सप्तरी | |
|---|---|---|
| | **ऋणीको नाम, ठेगाना** | **जमानतकर्ताको विवरण** |
| १. | **नाम : राजेश कुमार साह**<br>ना.प्र.नं. १६१०६०/२६४, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०६७/११/१७<br>बाबुको नाम : दुखी साह हलुवाई<br>बाजेको नाम : चौधरी साह<br>ठेगाना : सप्तरी जिल्ला, कटैया गा.वि.स. वडा नं. ३<br>हाल : सप्तरी जिल्ला, रुपनी गा.पा. वडा नं. ३ | **नाम : रामकली हलुवाइनी**<br>ना.प्र.नं. ८११६३३५०, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०३५/१२/२०<br>पतिको नाम : दुखी साह हलुवाई<br>ससुराको नाम : चौधरी साह<br>ठेगाना : सप्तरी जिल्ला, पथरगाडा गा.वि.स. वडा नं. ५<br>हाल : सप्तरी जिल्ला, रुपनी गा.पा. वडा नं. ३ |
| | **धितोको विवरण** | |
| | १. रामकली हलुवाईनीको नाममा मालपोत कार्यालय सप्तरी राजविराजमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला, नकटीरायपुर गा.वि.स. वडा नं. ५ क स्थित कित्ता नं. २५५ को क्षेत्रफल ०-६-३-० (बिगाहा) र सप्तरी जिल्ला, भंगाह गा.वि.स. वडा नं. ८ कित्ता नं. ९५५ को क्षेत्रफल ०-०-५-० (बिगाहा) भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।<br>२. धनि ज्योति विकास बैंक लि. भई ऋणि राजेश कुमार साहको नाममा यातायात व्यवस्था कार्यालय प्रदेश २ मा दर्ता रहेको प्रदेश ०२-०१-००१ ज ००४५, च्यासिस नं. MAT460078KUR07952, ईन्जिन नं. 2.2LDICOR11NPYJ14291 को कायम सवारी साधन थान १। | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : रुपनी, सप्तरी, फोन नं. ०३१-४५००१२
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०४/०६ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय रुपनी, सप्तरीबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

**तपसिल**

| क्र.सं. | ऋणीको नाम, ठेगाना | |
|---|---|---|
| १. | **नाम : रघुविर शान्ति सिमरा गृल उद्योग**<br>नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, सप्तरी<br>दर्ता नं. ७५०४/०७२/७३, दर्ता मिति : २०७३/०१/१५, पान नं. ६०५४२६६३६, दर्ता मिति : २०७३/०८/०२<br>ठेगाना : सप्तरी जिल्ला, कञ्चनरुप न.पा. वडा नं. ११, **प्रोप्राईटर : देवनन्दन विश्वकर्मा** | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : देवनन्दन विश्वकर्मा**<br>ना.प्र.नं. १६२००४/३०, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०६४/०७/२०<br>बाबुको नाम : रघुविर कामी<br>बाजेको नाम : लक्ष्मण कामी<br>ठेगाना : सप्तरी जिल्ला, बरमझिया गा.वि.स. वडा नं. ८<br>हाल : सप्तरी जिल्ला, कञ्चनरुप न.पा. वडा नं. ३ | **२. नाम : रिता विश्वकर्मा**<br>ना.प्र.नं. १०४२/१५६२३७, जि.प्र.का. सुनसरी<br>जारी मिति : २०६७/०७/२९,<br>पतिको नाम : देवनन्दन विश्वकर्मा<br>ससुराको नाम : रघुविर कामी<br>ठेगाना : सुनसरी जिल्ला, महेन्द्रनगर गा.वि.स. वडा नं. ३<br>हाल : सप्तरी जिल्ला, कञ्चनरुप न.पा. वडा नं. ३ |
| | **धितोको विवरण** | |
| | देवनन्दन विश्वकर्माको नाममा मालपोत कार्यालय कंचनपुर, सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला, बरमझिया गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ९१० को क्षेत्रफल ०-०-१० (बि.क.धु.) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : रुपनी, सप्तरी, फोन नं. ०३१-४५००१२/१३
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# १० स्थानीय तहको बजेट रोक्का हुने




**टुडे समाचारदाता**

जनकपुरधाम । जनप्रतिनिधि विवादले गर्दा धनुषाका कमला नगरपालिकासहित मधेश प्रदेशका १० वटा स्थानीय तहले अझै आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गर्न सकेको छ ।

संवैधानिक व्यवस्था अनुसार स्थानीय तहहरूले प्रत्येक वर्ष असार मसान्तभित्र आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गरिसक्नुपर्ने भए पनि ती स्थानीय तहरु हालसम्म पनि बजेट ल्याउन सकेका छैनन् । साउन ७ गतेसम्म बजेट सुत्रमा प्रविष्ट गरेन भने बजेट रोक्का हुन जान्छ ।

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पोर्टलमा प्रविष्ट विवरण अनुसार धनुषाको कमला नगरपालिका, सिराहाको सुखीपुर नगरपालिका, औरही गाउँपालिका, रौतहटका गरुडा नगरपालिका, कटहरीया नगरपालिका, फतुवा विजयपुर नगरपालिका, मौलापुर नगरपालिका र यमुनामाई गाउँपालिका तथा पर्साका छिपहरमाई गाउँपालिका र पकाहा मैनपुर गाउँपालिकाले अझै बजेट सार्वजनिक गर्न सकेको छैन ।

निर्धारित कानुनी समयसीमाभित्र नीति तथा कार्यक्रम प्रस्तुत गर्न नसक्ने स्थानीय तहमा छिपहरमाई गाउँपालिका र पकाहामैनपुर गाउँपालिका रहेका छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार प्रत्येक स्थानीय तहले असार १० गतेभित्र नीति तथा कार्यक्रम प्रस्तुत गर्नुपर्ने व्यवस्था छ ।

हरेक वर्ष जेठ १५ गते सङ्घीय सरकार, असार १ गते प्रदेश सरकार र असार मसान्तभित्र स्थानीय तहहरूले आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गरिसक्नुपर्ने संवैधानिक व्यवस्था छ । तर आन्तरिक राजनीतिक विवाद, जनप्रतिनिधिबीचको असमझदारी तथा केही प्राविधिक समस्याका कारण ती स्थानीय तहले तोकिएको समयसीमाभित्र बजेट ल्याउन नसकेको जनाइएको छ ।

समयमै बजेट सार्वजनिक नहुँदा विकास निर्माणका योजना, सेवा प्रवाह, खरिद प्रक्रिया तथा अन्य प्रशासनिक कार्य प्रभावित हुने देखिएको छ । सम्बन्धित स्थानीय तहहरूले भने आवश्यक प्रक्रिया पूरा गरी बजेट यथाशीघ्र सार्वजनिक गर्ने तयारी भइरहेको बताएका छन् ।

बजेट रोक्का हुने

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले सबै स्थानीय तहलाई साउन ७ गतेभित्र आफ्नो बजेट सम्बन्धित प्रणालीमा प्रविष्टि (इन्ट्री) गर्न निर्देशन दिएको छ । तोकिएको समयभित्र बजेट प्रविष्टि नगर्ने स्थानीय तहको बजेट रोक्का गर्न सकिने चेतावनी पनि मन्त्रालयले दिएको छ ।

समयमै बजेट पारित हुन नसक्दा विकास निर्माणका आयोजना, खरिद प्रक्रिया, सेवा प्रवाह तथा अन्य प्रशासनिक कार्यसमेत प्रभावित हुने देखिएको छ ।

## प्रमुख तीन दल विवाद :

# संकटमा मधेश सरकार

**कांग्रेस र नेकपा दुवै पार्टीका केन्द्रिय अध्यक्षको निर्देशन आइसकेपछि मधेश सरकारमा उथलपुथल हुने निश्चित छ । प्रदेश संसदीय दलका नेताहरुले प्रमुख तीन दल एक ढिक्का भएर जाने निर्णय गरेपनि केन्द्रिय निर्देशपछि अवस्था परिवर्तन हुने देखिन्छ ।**

**टुडे समाचारदाता**

जनकपुरधाम। प्रमुख तीन दलबीच प्रदेश सरकार गठन बारे विवाद सतहतमा आएको छ। कांग्रेसले प्रमुख तीन दलको गठबन्धनमा सरकार बनाउन नसकिने धारणा सार्वजनिक गरे लगतै नेकपाका संयोजक पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले पनि प्रदेश सरकार गठन र सञ्चालनका लागि नेकपा एमालेसँग मात्र सहकार्य गर्न निर्देशन दिएको छ।

श्रीलंका भ्रमणबाट फर्किएपछि राजनीतिक भेटघाट र समीकरणको कसरतमा जुटेका अध्यक्ष दाहालले काठमाडौं आएका प्रदेश तहका मुख्य नेताहरूसँगको छलफलमा जारी प्रदेश सरकार गठन विवाद बारे निचोड निकाल्दै कांग्रेसबाट अलग भई एमालेसँग मात्र सहकार्य गर्न निर्देशन दिए।




कांग्रेस र एमालेबीचको लफडाले मधेश सरकारमाथि संकट उत्पन्न भएको छ। केही दिनअघि मात्रै मधेश प्रदेश सरकारमा सम्मिलित प्रमुख तीन दलले अन्य प्रदेशमा जे भएपनि मधेश प्रदेश सरकारमा केन्द्रिय निर्देशन छुन पनि सक्दैन अभिव्यक्ति दिएका थिए। हुनत कांग्रेस र एमाले दुवै जसपासँग मिलेर सरकार बनाउने तयारी गरेका थिए। तर जसपाले मुख्यमन्त्री चाहियो भनेर कांग्रेस पछि हट्यो। एमालेले दिन मुख्यमन्त्री पद दिन मानेपनि नेकपाले ठाडो अस्वीकार गरेपछि छलफल बीचमै असफल हुन गयो। कांग्रेस र नेकपा दुवै पार्टीका केन्द्रिय अध्यक्षको निर्देशन आइसकेपछि मधेश सरकारमा उथलपुथल हुने निश्चित छ। प्रदेश संसदीय दलका नेताहरुले प्रमुख तीन दल एक ढिक्का भएर जाने निर्णय गरेपनि केन्द्रिय निर्देशपछि अवस्था परिवर्तन हुने देखिन्छ।

सुदूरपश्चिम र कोशी लगायतका प्रदेशमा बजेटलाई लिएर एमाले र कांग्रेसबीच तिक्तता बढेसँगै पुरानो समीकरणमा खटपट आएको हो।

उता नेकपा लुम्बिनी प्रदेशका संयोजक सुदर्शन बरालका अनुसार प्रदेशलाई मध्यावधि चुनावमा जानबाट रोक्न र राजनीतिक निकास दिन एमालेसँग गठबन्धन गरेर जानुपर्ने बाध्यकारी अवस्था आएको छ।

कांग्रेस तीन दलको सरकारमा बस्न अनिच्छुक देखिएपछि कम्युनिष्ट आन्दोलनलाई जोगाउन र बहुमतको स्थिर सरकार दिन एमालेसँग सहकार्य गर्ने लगभग निश्चित भएको छ। यद्यपि, कुन प्रदेशमा कसको नेतृत्व हुने भन्ने विषयमा भने अझै अन्तिम टुंगो लाग्न बाँकी रहेको नेताहरूले बताएका छन्।

यसैबीच एमाले र नेकपाबीच नजिकिँदै गरेको संवादले केन्द्रीयदेखि प्रदेश तहसम्मको राजनीतिक समीकरण बदलिने संकेत देखाएको छ। सातै प्रदेशमा दलहरूको संख्यात्मक जोडघटाउ र शक्ति सन्तुलन हेर्दा सरकार फेरबदलको कसरत रोचक बन्दै गएको छ।

## वडाध्यक्ष पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सा प्रहरीले जिल्लाको कालिकामाई गाउँपालिका-३ हरिहरपुर बिर्ताका वडाध्यक्ष सञ्जय पटेललाई पक्राउ गरेको छ।

इलाका प्रहरी कार्यालय पोखरियाले गाउँपालिकाका कर्मचारीमाथि कुटपिट तथा दुर्व्यवहार गरेको आरोपमा उनलाई मंगलवार नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ।

वडाध्यक्ष पटेललाई गाउँपालिकाका एक कर्मचारीमाथि कार्यालयभित्रै कुटपिट भएको घटनामा अभद्र व्यवहार मुद्दाअन्तर्गत उहाँकै गाउँ हरिहरपुर विर्ताबाट पक्राउ गरिएको डीएसपी चक्र मल्लले जानकारी दिए।

घटनाको विरोधमा कालिकामाई गाउँपालिकाका सम्पूर्ण कर्मचारीले दोषीमाथि कारबाहीको माग गर्दै आएका थिए। गत २३ असारमा गाउँपालिकाका कम्प्युटर अपरेटर चन्दनकुमार चौरसियामाथि गाउँ कार्यपालिकाको कार्यालयभित्रै कुटपिट तथा दुर्व्यवहार गरिएको कर्मचारीहरूको भनाइ छ।

प्रहरीले वडाध्यक्ष पटेललाई पक्राउ गरी जिल्ला प्रशासन कार्यालयमा उपस्थित गराउने तयारी गरेको प्रवक्ता चक्र मल्लले जनाएको छ। प्रहरीका अनुसार घटनामा संलग्न अन्य आरोपितहरूको खोजीकार्य भइरहेको छ।

# कांग्रेस कार्यकर्ताबीच कुटाकुट, केही घाइते

**टुडे समाचारदाता**

बारा । बारामा नेपाली कांग्रेसका संस्थापन पक्ष र असन्तुष्ट पक्षका नेता कार्यकर्ताबीच कुटाकुट भएको छ । सो कुटाकुटमा परी केही कार्यकर्ताहरु घाइते भएको जनाइएको छ । बाराको पार्टी कार्यालय सञ्चालनको विषयलाई लिएर दुई समूहबिच झडप भएको थियो ।




तत्कालीन जिल्ला सभापति राजेश राय यादव र कार्यवाहक सभापति मनोज भट्ट पक्षका कार्यकर्ताहरूबिच पार्टी कार्यालय परिसरमै झडप भएको हो । पार्टीको केन्द्रीय अनुशासन विभागले तत्कालीन सभापति यादवलाई कारबाही गरेपछि उपसभापति मनोज भट्टलाई कार्यवाहक सभापतिको जिम्मेवारी दिइएको थियो ।

साउन ६ गते पर्ने बीपी कोइरालाको स्मृति दिवसको पूर्वतयारी स्वरूप आज पार्टी कार्यालय सरसफाइ गर्न भट्ट समूहका समर्थकहरू पुगेपछि दुई पक्षबिच विवाद र नाराबाजी सुरु भएको थियो । कार्यवाहक सभापति भट्टले पार्टीको निर्णय र नेता गगन थापाको निर्देशनअनुसार आफूले जिम्मेवारी पाएको बताए। 'पार्टीले मलाई कार्यवाहक सभापतिको जिम्मेवारी दिइसकेपछि कार्यालयको कागजपत्र र भवन बुझ्न आज हामी कार्यालय पुगेका थियौँ,' भट्टले भने, 'तर उहाँहरूले कागजात दिन मान्नुभएन । विशेषमहाधिवेशनबाहेक अरूलाई स्वीकार गर्दिनँ भन्दै भवन खाली गर्न अस्वीकार गर्नुभयो ।'

यता, निवर्तमान सभापति राजेश राय यादवसँग यस विषयमा बुझ्न खोज्दा आफू अहिले छलफलमा रहेकाले पछि मात्र कुरा गर्ने बताएका छन् । पार्टी कार्यालयमा प्रवेश गर्न रोकिएपछि दुवै समूहबिच धकेलाधकेल हुँदै, कुटाकुट र ढुङ्गामुढासमेत भएको थियो । झडपका क्रममा केही कार्यकर्ता घाइते भएका छन् ।

स्थिति तनावपूर्ण बन्दा समेत स्थानीय प्रशासन मूकदर्शक बनेको प्रत्यक्षदर्शीहरूले आरोप लगाएका छन् । हाल विवाद समाधानका लागि पार्टी कार्यालयमा दुवै समूहबिच छलफल भइरहेको जनाइएको छ।

# ऋण साहुकारको प्रदर्शन




**टुडे समाचारदाता**

जनकपुरधाम । मिटरब्याज पिडीत भनिएकाहरुसँग सरकारले गरेको ९ बुँदे सहमति खारेजको माग गर्दै ऋण साहुकारहरुले जनकपुरधाममा प्रशासनिक निकाय अगाडि विरोध प्रदर्शन गरेका छन् ।

सरकार र मिटरब्याज पिडीतसँग भएको सहमतिविरुद्ध मंगलबार पीडित लेनदेन संघर्ष समितिको बैठकबाट सहमति खारेजका लागि सरकारलाई दबाव दिन आन्दोलन गर्ने निर्णय गर्दै विरोध प्रदर्शन गर्दै गरेका हुन् ।

सो विरोध जुलुसले नगरको विभिन्न चौकका परिक्रमा गर्दै मिल्स एरियामा पुगी कोण सभामा परिणत भई सम्पन्न भएको थियो । समितिका अध्यक्ष विजयकुमार साहको नेतृत्वमा निस्केको विरोध जुलुसमा सहभागी साहुकारहरुले ‘गृहमन्त्री राजीनामा दे’, ‘९ बुँदे सम्झौता खारेज गर’ लगायतका चर्को नाराबाजी गरेका थिए ।

उनीहरुले प्रदर्शनको क्रममा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र जिल्ला अदालत अगाडि नारावाजी गर्दै केही बेरका लागि घेराउ गरेका थिए ।

प्रदर्शनमा सहभागी ऋण साहुकार राजकिशोर साहले आफूहरु मिटरब्याज पिडीत भनिएकाहरुबाट नै पिडीत रहेको आरोप लगाउँदै गृहमन्त्री गृहमन्त्री सुदन गुरुङ्गले एकलौटी रुपमा एक पक्षीय कुरा मात्र सुनेर कानून विपरित सम्झौता गरेको आरोप लगाए ।

उनले भने, ‘सम्झौता त्रिपक्षीय हुनुपर्ने थियो । दुबै पीडित र सरकार पक्षको वार्ता गराएर सम्झौता गर्नुपर्नेमा साहु महाजनलाई छोडेर एकतर्फी रुपमा गरिएका सम्झौताले हामीहरुमाथि अन्याय भएको छ ।’

उनले यो सम्झौता एकतर्फी रहेकाले साहुमहाजनको भेलाबाट आजको आन्दोलनको निर्णय भएको छ । सरकारले हाम्रो माग सम्बोधन नगरेसम्म चरणबद्ध रुपमा आन्दोलन गर्दै जाने बताएका छन् ।

# लालबकैया बाँधको अनुगमन

**टुडे समाचारदाता**

रौतहट । रौतहटको मौलापुर नगरपालिका-१ मर्यादपुरस्थित लालबकैया खोलाको बाँधमा उच्चस्तरीय टोलीले स्थलगत निरीक्षण गर्दै सम्भावित बाढी जोखिमको आकलन गरेको छ ।

मनसुन सक्रिय भएसँगै बाढी र कटानको खतरा बढ्ने भएकाले स्थानीयलाई मौसम सम्बन्धी आधिकारिक सूचना निरन्तर हेर्न, सतर्क रहन र जोखिम देखिए सुरक्षित स्थानतर्फ सर्न आग्रह गरिएको छ ।

निरीक्षण टोलीमा रौतहट क्षेत्र ३ का प्रतिनिधिसभा सदस्य धिरजप्रसाद पटेल, प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसाल, मौलापुर नगरपालिकाकी प्रमुख रिना कुमारी साह, जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख एसपी सीताराम रिजाल, सशस्त्र प्रहरी बल नेपाल नं. ११ गण हजमिनियाका प्रमुख एसपी रामहरि अधिकारी, राष्ट्रिय अनुसन्धानका उप निर्देशक कुमार बुढाथोकी, सिँचाइ कार्यालयका प्रतिनिधि तथा अन्य सुरक्षा निकायका प्रमुखहरू सहभागी थिए ।



टोलीले बाँधको अवस्था, कटानको सम्भावना रहेका स्थान र बाढीले पुऱ्याउन सक्ने क्षतिको अवलोकन गर्दै रोकथामका उपायबारे छलफल गरेको थियो। आवश्यक समन्वयमार्फत कटान नियन्त्रण र पूर्वतयारीका कामलाई थप प्रभावकारी बनाउने सहमति पनि भएको जनाइएको छ ।

रौतहटको पूर्वमा रहेको बागमती नदी र पश्चिम लालबकैया नदी हरेक वर्ष वर्षायाममा उग्र बन्दा आसपासका बस्ती र खेतीयोग्य जमिनमा कटान तथा डुबानको समस्या दोहोरिने गरेको छ । त्यसैले मनसुनको संवेदनशील समयमा गरिएको यो संयुक्त अनुगमनलाई विपद् व्यवस्थापनतर्फको सकारात्मक पहलका रूपमा लिइएको छ ।

यद्यपि स्थानीयले दीर्घकालीन तटबन्ध सुदृढीकरण र संरक्षणका काम तत्काल अघि बढाउनुपर्ने माग गर्दै आएका छन् ।

# ट्रक दुर्घटनामा एकको मृत्यु

**टुडे समाचारदाता**

बारा । बाराको कलैया उपमहानगरपालिका-४ स्थित गुप्ता पेट्रोल पम्प नजिक गएराति भएको मिनी ट्रक दुर्घटनामा एक जनाको मृत्यु भएको छ भने अर्का एक जना घाइते भएको छ ।

सोमबार राति करिब १२:३० बजे बरियारपुरबाट कलैयातर्फ आउँदै गरेको बा १ क ४८३६ नम्बरको खाली टाटा मिनी ट्रक अचानक अनियन्त्रित भई सडकछेउमा रहेको स्थानीय सुरेश साह कानुको घरमा ठोक्किएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा ट्रकमा सवार जितपुरसिमरा उपमहानगरपालिका-८ इमलीप्रती निवासी ४० वर्षीय शिवनारायण पासवान गम्भीर घाइते भएका थिए। उनलाई तत्काल प्रादेशिक अस्पताल कलैयामा उपचारका लागि लगिएको भए पनि उपचारकै क्रममा राति १२:५० बजे मृत्यु भएको बारा प्रहरीका प्रवक्ता डीएसपी मिनबहादुर घलेले जानकारी दिए।


दुर्घटनामा सोही स्थानका ५० वर्षीय देवनारायण चौधरी पनि घाइते भएका छन् । उनको टाउको तथा दुवै हातखुट्टामा चोट लागेको छ भने अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ । घटनालगत्तै अस्थायी प्रहरी पोस्ट बसपार्क र जिल्ला प्रहरी कार्यालय बाराबाट खटिएको टोलीले ट्रक चालक रौतहटको गुजरा नगरपालिका-९ सिमरा भवानीपुर निवासी २७ वर्षीय राजु कुमार चौधरीलाई नियन्त्रणमा लिएको जनाइएको छ । दुर्घटनाबाट ट्रकको अगाडिको भागमा क्षति पुगेको छ भने घरको एकातर्फको पर्खाल भत्किएको छ दुर्घटनापछि सडक यातायात भने अवरुद्ध नभएको प्रहरीले जनाएको छ।

जनावरबाट सर्ने रोगविरुद्ध सावधानी अपनाऔं

- जनावरसंगको सम्पर्कमा सावधानी अपनाऔं,
- जनावर छोएपछि साबुनपानीले हात सफा गर्ने बानी बसालौं,
- पशुपन्छीको स्वास्थ्यमा नियमित ध्यान दिऔं,
- अस्वास्थ वा मरेका जनावरको सम्पर्कबाट टाढा रहौं,
- पशुजन्य खाद्य पदार्थ राम्ररी पकाएर मात्र खाने गरौं,
- पशुबाट मानिसमा सर्न सक्ने रोगबारे सचेत बनौं,
- जनावरमा असामान्य लक्षण देखिएमा सम्बन्धित निकायलाई जानकारी गराऔं ।

जनावरको स्वास्थ्य, मानव स्वास्थ्यसँग जोडिएकोले सावधानी अपनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड







जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८